| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रायमाझीको हाँसमुखभित्र लुकेको रहस्य

नेपालीलाई भुटानी शरणार्थी बनाएर ठगी गरेको प्रकरणमा एमालेका निलम्बित सचिव टोपबहादुर रायमाझी ११ दिनपछिमात्र पक्राउ परे । अदातलमा उपस्थित हुँदा रायमाझी हाँसमुखमा देखिए । सञ्चारमाध्यममा उनको हँसिलो मुहारसहितको तस्बिर देखेर धेरैले टिप्पणी गरेका छन्– भ्रष्टाचार गरेर पनि लाजविनैको हाँसो ।

अदालतमा उपस्थित हुँदा रुँदै उपस्थित हुनु त ? कतिले टिप्पणीमाथि टिप्पणी गरेका छन् । अदालतमा उपस्थित हुँदा पूर्वगृहमन्त्री बालकृष्ण खाण मलिन मुहारका साथ देखिएका थिए । पक्राउ पुर्जी जारीविना उनी प्रहरीको नियन्त्रणमा परेका थिए । पक्राउपछिमात्र उनीविरुद्ध पुर्जी तयार भयो । तर, टोपबहादुर भने पक्राउ पुर्जी जारी भएको ११ दिनपछिमात्र पक्राउ पर्नुमा रहस्य लुकेको छ ।

११ दिने उनको फरार यात्रामा प्रमाण लुकाउने यथेष्ट समय टोपबहादुरले पाएका छन् । जिल्ला अदालत काठमाडौंबाट वैशाख २० गते पक्राउ पुर्जी जारी भएपछि नेकपा एमालेका सचिव रायमाझीले आरोप झूठो भएको मात्र बताएनन्, अनुसन्धानमा सहयोग गर्ने अभिव्यक्ति पनि दिए । अर्घाखाँचीको सार्वजनिक कार्यक्रममा सभामुख देवराज घिमिरेसँगै देखिएका रायमाझीले पहिलो चरणमा पार्टी अध्यक्ष केपी शर्मा ओलीदेखि प्रहरी महानिरीक्षक वसन्त कुँवरसम्म फोन गर्न भ्याएका थिए ।

रायमाझी आफैं प्रहरीमा जाने सुन्नेबित्तिकै एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटे । लगत्तै रायमाझी बेपत्ता भए । त्यसपछि अध्यक्ष ओली निरन्तर प्रतिवादमा उत्रिए, निर्दोष नफसाऊ भन्दै । जब पूर्वगृहमन्त्री खाण पक्राउ परे तब एमालेलाई दबाब पर्‍यो रायमाझीबारे बोल्न । त्यसपछि सचिवालय बैठकमा हुँदै नभएको निर्णय भोलिपल्ट विज्ञप्तिमार्फत जारी गर्दै सचिवबाट रायमाझीलाई निलम्बन गरेको सूचना जारी गर्‍यो ।

यो अवधिमा रायमाझीले आफ्नोबारे सम्भव भएसम्मका प्रमाण नष्ट गर्ने 'मौका' भने पाए । त्यस्तै, वकिलसँग मुद्दाको विषयमा छलफल गर्न र राजनीतिक तहबाट 'पावर एक्सरसाइज' गर्न पनि मिलाएका होलान् । रायमाझीको हँसिलो अनुहारभित्रको कालो कर्तुत सायद यही हुन सक्छ । यद्यपि, रायमाझी फरार भएर अदालत कठोर बन्नसक्ने मैदान उनैले सिर्जना गरेका छन् । संगठित अपराध निवारण ऐन, २०७० परिच्छेद् ७ मा मुद्दा हेर्ने अधिकारी, सजाय र पुनरवेदनसम्बन्धी व्यवस्था गरिएको छ । जहाँ प्रमाण नष्ट गर्ने, फरार हुने मनासिब कारण देखिएमा अभियुक्तलाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न आदेश दिनसक्ने भनिएको छ । यसैले उनीमाथि निष्पक्ष छानबिन होस् ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः

# सूचना तथा सञ्चार प्रविधिमैत्री समाज निर्माण



▶▶ डा. शैलेन्द्र गिरी

भविष्यमा विश्वभर नै डिजिटल डिप्लोमेसीमा वृद्धि हुनेछ । सामाजिक सञ्जालको दुरुपयोग अझ बढेर जानेछ । समाजमा साइबरसम्बन्धी आपराधिक क्रियाकलापहरूमा वृद्धि हुनेछ । अमेरिकामा राष्ट्रपतिको निर्वाचन र भारतमा भएको आमचुनावमा सूचना तथा सञ्चार प्रविधिले परेको प्रभाव अब बिस्तारै नेपालमा पनि पर्ने संकेत स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिका, धरान र संघको निर्वाचनमा चितवनलगायतका जिल्लाहरूमा देखापरिसकेको छ । आउँदो निर्वाचनमा यसले अझ धेरै प्रभाव पार्ने निश्चित छ ।

सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले विश्व अहिले एक सानो गाउँमा रूपान्तरण हुन पुगेको छ। विश्वका जुनकुनै स्थानमा बस्ने नागरिक सूचना र सञ्चार प्रविधिको प्रयोगबाट वञ्चित हुनुपरेको छैन । यसको प्रयोगमार्फत प्राप्त हुने विभिन्न सेवाका अतिरिक्त यो प्रविधि सुशासनको प्रत्याभूत गर्न सहयोगी भइरहेको छ ।

विश्वव्यापीरूपमा सूचना प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तरक्रिया, सार्वजनिक सेवा तथा सूचना प्रवाहका माध्यमले भूगोलरहित समाजको निर्माण गर्न सहयोग गरेको छ । यसले निम्न वर्गको मानिसलाई सूचनाको हक र पहुँचमा स्थापितसमेत गरेको छ । ज्ञान र सीप सिक्नसक्ने सम्भावनाहरूका ढोका खोलिदिएको छ । सूचना तथा सञ्चार प्रविधि आममानिसको स्वार्थरहित अनन्य सहयोगी मित्र सावित भएको छ । यसको सही सदुपयोगले मानिसको जीवनमा अतुलनीय रूपान्तरण ल्याएको छ भने यसको दुरूपयोगले कति मानिसलाई समाप्त बनाएको पनि छ ।

एउटा कम्प्युटर र इन्टरनेटले सञ्चारको क्षेत्रमा यति धेरै कायापलट हुनेछ भनेर कसैले सोचेको पनि थिएन । कट्वालले दमाह बजाएर सूचना प्रवाह गर्ने हाम्रो समाज अहिले मोबाइलको रिङटोनसँगै सूचनाको प्रवाह गर्छ । धेरै मानिसहरू अहिले मोबाइलमा आएका पछिल्ला समाचारहरू हेरेर सुत्ने गर्छन् र बिहान ताजा समाचारहरू हेरेरमात्र आफ्नो ओछ्यान छोड्छन् । कतिपय मानिसहरू कम्तीमा दुईदेखि १२ घण्टासम्म कम्प्युटर र मोबाइलमा समय बिताउने गरेको एक अध्ययनले देखाएको छ ।

आजको दिनमा आइपुग्दा चि√पत्र, रेडियो, टिभी, पठन सामग्री, खेल, वार्तालाप एउटै उपकरणबाट प्राप्त हुने भएपछि हिजो हप्तौं हिँडेर समाचार पुर्‍याउने कुरा कथामा सीमित भएको छ । टेलिभिजनका पर्दामा मानिसलाई देख्दा आश्चर्य मान्ने हामीलाई अहिले भिडियो कलमा साथीभाइ आफन्तसँग कुराकानी गर्दा अनौठो लाग्दैन । आफन्त घरदेखि टाढा, विदेशमा हुँदा हालखबर थाहा नपाउँदा महिनौं अत्यास लाग्ने क्षण अहिले छिनभरमै काँचको स्क्रिनमा भेट्न, कुरा गर्न सम्भव बनाइदिएको छ सूचना तथा सञ्चार प्रविधिले ।

पूर्वसञ्चारमन्त्री कृष्णबहादुर महराले 'हातहातमा मोबाइल, घरघरमा इन्टरनेट'को नारा ल्याउँदा धेरैले आश्चर्य मानेका थिए । तिनै मानिस आज आइफोनमा भिडियो कल गर्दछन् । इन्टरनेट नागरिकको अत्यावश्यक वस्तुभित्र सफल भयो भने नागरिकको अपेक्षा हातहातमा सरकार, घरघरमा विद्युतीय सेवा हुन थाल्यो । विद्युतीय पसलहरूले 'अनलाइन डेलिभरी' दिन थाले नेपालमा । गाउँमा बस्ने नागरिकलाई विद्युतीय भुक्तानी अप्ठ्यारो लाग्ने र सबै नागरिकको पहुँचमा नभए पनि सहरका बासिन्दालाई यो अत्यन्त सहज भइसक्यो । राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीका अनुसार २०७९ वैशाखदेखि फागुन मसान्तसम्म विभिन्न विद्युतीय माध्यमबाट करिब ७४ खर्ब बराबरको कारोबार भएको छ ।

हाल नेपालमा 'फाइभ-जी' नेटवर्कको परीक्षण सुरु भएको छ । यो प्रविधि 'फोर-जी' भन्दा बढी स्मार्ट भएता पनि यसका उपभोक्ता भने न्यून हुने आकलन गरिएको छ । इकमर्स र डिजिटल सेवाहरूमा वृद्धि हुनेछ भने नेपालका अधिकतम् व्यवसायहरू क्लाउड कम्प्युटिङमा आधारित हुन्छ । जसले गर्दा डेटा भण्डारण गर्न हार्डवेयर, सफ्टवेयर भौतिक सञ्चयको आवश्यकता यसमा गरिने लगानीलाई धेरै हदसम्म घटाउन सक्छ । स्थानीयरूपमा नवप्रवर्द्धनले स्थान पाउनेछ । स्थानीय भाषामा कम्प्युटरमा कामकाज गर्न सहज हुने खालका सफ्टवेयरहरू विकास गरिनेछन् ।

विकसित देशहरूमा प्रयोगमा आएका चालकविनाका गाडीहरू हाम्रै सडकमा गुड्नेछन् भने आकाशमा धेरै समयसम्म अटो पाइलटले जहाजको उडान भर्नेछन् । सार्वजनिक स्थानहरूको कामकाज रोबर्टले सम्हाल्नेछ भने घर, अफिस र सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि नेटवर्कबाट नियन्त्रण गर्न सकिने साइबर सुरक्षा गार्डको व्यवस्था हुनेछ । इन्टरनेट र नेटवर्कको सहयोगमा घरबाहिरबाटै आफ्नो घरको बत्ती बाल्न, निभाउन, गेट खोल्न, बन्द गर्न, फ्रिज, रेडियो, टिभी खोल्न, बन्द गर्न सकिनेछ । यी सबै सुविधाहरू 'सिक्स-जी' उपलब्ध हुनेछन् ।

आउँदा दिनहरूमा विद्यार्थीहरूले पुस्तकको भारी बोकेर विद्यालय जानुपर्ने अवस्थामा कमी आउनेछ । विद्यालयले उपलब्ध गराउने कम्प्युटरमै सबै शिक्षण सामग्रीहरू अनलाइन पोर्टलमा उपलब्ध हुनेछन् । अनलाइन शिक्षामार्फत शिक्षकहरू घरघरमा उपलब्ध हुनेछन् भने ई-लर्निङमार्फत अध्ययन गर्ने विद्यार्थी र अनुसन्धानकर्ताहरू बढ्ने छन् । दुर्गम गाउँहरूमा पनि 'भिडियो कम्फरेन्स'बाट स्वास्थ्य उपचारको सुरु हुनेछ र जटिल शल्यक्रियाका लागिमात्र सुगम स्थानमा आउनुपर्नेछ । अन्य विकसित देशहरूमा जस्तै नेपालमा पनि राज्यले चाहेमा एउटै एकीकृत व्यक्तिगत डेटा व्यवस्थापन प्रणाली विकास गरी सबै नागरिकको जीवनभरको क्रियाकलाप र दैनिक गतिविधि व्यवस्थापन, नियन्त्रण गर्न र आवश्यक सेवा प्रवाह गर्न सक्छ । कृषि क्षेत्रमा नवीनतम् प्रविधिको प्रयोग गरी यन्त्रीकरण र बजारीकरण गर्न सकेमा नेपाल कृषिमा आत्मनिर्भर बन्न सक्ने प्रचुर सम्भावनाहरू रहेको छ ।

स्वदेशमै सूचना प्रविधिका हार्डवेयर र पर्याप्त सफ्टवेयर विकास नभई सकेको हुँदा बाहय मुलुकसँगको परनिरर्भतालाई बढाएको छ । वार्षिक मर्मतसम्भारमार्फत अर्बौं रूपैयाँ नेपालबाट बाहिर जानेछ । स्वदेशमै विद्युतीय फोहोर व्यवस्थापन गर्ने उद्योगको स्थापना नहुँदा चुनौतीहरू धेरै छन् । कतिपय महँगा सामानहरू पनि कवाडीको मूल्यमा बेच्न हामी बाध्य छौं । गाउँले प्रविधि खोज्दै छ भने सहर प्रविधिको ज्यादा प्रयोगले कुरूप बन्दै गइरहेको छ । रोबोर्ट र च्याटजिपिटीजस्ता प्रविधिको बढ्दो प्रयोगले रोजगारीको अवसरलाई घटाउँदै लगेको छ । प्रकृतिप्रेमी मानिस बिस्तारै यन्त्रप्रेमी बन्दै गएको छ । अहिले मानिसले यन्त्रसँग विवाह गरेका छिटपुट समाचार सुनेता पनि भविष्यमा यसले विकराल रूप लिने वैज्ञानिकहरूको आकलन छ र यसले सन्तान उत्पादनमा नकारात्मक असर गर्ने चिन्ता बढेर गएको छ । बेरोजगार मानिसरलाई यसले झन् प्रभाव पार्नेछ र विश्वको जनसंख्यामा कमी आउनेछ ।

भविष्यमा विश्वभर नै डिजिटल डिप्लोमेसीमा वृद्धि हुनेछ । सामाजिक सञ्जालको दुरूपयोग अझ बढेर जानेछ । समाजमा साइबरसम्बन्धी आपराधिक क्रियाकलापहरूमा वृद्धि हुनेछ । अमेरिकामा राष्ट्रपतिको निर्वाचन र भारतमा भएको आमचुनावमा सूचना तथा सञ्चार प्रविधिले परेको प्रभाव अब बिस्तारै नेपालमा पनि पर्ने संकेत स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिका, धरान र संघको निर्वाचनमा चितवनलगायतका जिल्लाहरूमा देखापरिसकेको छ । आउँदो निर्वाचनमा यसले अझ धेरै प्रभाव पार्ने निश्चित छ ।

कम्प्युटर प्रणालीका साथै डेटाको सुरक्षाका खातिर साइबर सुरक्षासम्बन्धी समयसापेक्ष नीति तर्जुमा, सूचना प्रविधिसम्बन्धी कानुनी व्यवस्था, सफ्टवेयर प्रणाली विकासका साथै गुणस्तर मापदण्ड, अनुसन्धान, आइटी अडिट र साइबर सुरक्षाका लागि मानवीय स्रोत र साधनको विकास र क्षमता अभिवृद्धिका लागि नीतिगत एवं संरचनागत उचित व्यवस्था हुन जरुरी छ । सूचना प्रविधि ऐन, इन्टरनेटसम्बन्धी ऐन, डेटा वा क्लाउड ऐन, डेटा प्राइभेसी, विद्युतीय फोहोर व्यवस्थापनसम्बन्धी ऐन, नीति र सामाजिक सञ्जालसम्बन्धी ऐन नबन्दा निकै अप्ठ्यारो भएको छ । कतिपय अन्यायमा परेका व्यक्तिहरू न्याय कुरेर बसिरहेका पनि छन् । ऐन नबन्दा नयाँ प्रविधि जस्तैः एआई, बलकचेन, मेसिन-लर्निङ, डिप-लर्निङ, बिटक्वाइन, रोबोटिक्स, ड्रोन, इन्टरनेट अफ दि थिङ्स, क्रिप्टोकरेन्सीको प्रयोगका बारेमा पनि अन्योलता सिर्जना भएको छ ।

नेपालमा साइबर सुरक्षाको जोखिम बढ्दो रहेको कुरा एकीकृत डेटा केन्द्रमा पटकपटक साइबर आक्रमण हुँदा अध्यागमन कार्यालयको सेवा साथसाथै अन्य सरकारी निकायहरूको वेबसाइटहरू करिब चार घन्टा अवरुद्ध भएको थियो । हालै लोक सेवा आयोगलगायतका सरकारी कार्यालयका डेटा हराएको कुरा विभिन्न समाचार माध्यमहरूले तथ्यको पुष्टि गर्दछ । अतः राष्ट्रिय सूचना प्रविधि केन्द्रको सांगठनिक पुनर्संरचना गर्नु उपयुक्त हुन्छ । प्राविधिक कर्मचारीहरूलाई उच्च मनोबलमा काम गर्ने वातावरण सिर्जना गर्न सूचना प्रविधि सेवालाई उच्च प्राथमिकतामा राख्दै प्राविधिक कर्मचारीहरूको वृत्ति विकासलाई सुनिश्चित गर्दै जानुपर्छ ।

आमनागरिकलगायत सरकारी तथा गैरसरकारी निकायहरूमा कम्प्युटर, समाजिक सञ्जाल र साइबर सुरक्षासम्बन्धी जनचेतनाको कमी रहेकाले प्रशिक्षण कार्यक्रमहरू र जनचेतना अभियानमार्फत राष्ट्रियस्तरमा साइबर सुरक्षासम्बन्धी जागरुकता ल्याई डिजिटल खाडललाई कम गर्नु आवश्यक छ । सूचनाको पहुँचमा सबै नागरिकको समान हक स्थापित गर्न जरुरी छ । हुने, खाने र हुँदा खाने दुवै वर्गलाई सूचना तथा सञ्चार प्रविधिको उपभोगमा समान अवसर प्रदान गर्नेतर्फ राज्यले ध्यान दिनुपर्छ । सार्वजनिक स्थानहरूमा निःशुल्क इन्टरनेटसहितको सेवा प्रदान गर्न आवश्यक छ । यसका लागि स्थानीय तहले जिम्मेवारी लिनुपर्छ । *रासस*

# 'तैं चुप मै चुप !'




बिहान झिसमिसेसँगै पूर्वबाट सूर्यको लाली उदाउँदै थियो । बजारमा समाचार फुक्नेले नै मज्जैले भजन घन्काएको केहीबेरमा नै नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अम्रिका पठाएको पुराण सुनाउन थाल्यो । मटयाङ्ग्रोले सिरानीमा राखेको रेडियोको ध्वनी बढायो ।

समाचार फुक्ने फलाँक्दै थियो । 'अम्रिका जान नक्कली शरणार्थी बनेकाले ५० लाखसम्म तिरेका थिए ।' मटयाङ्ग्रोले जिब्रो टोक्यो र एकै सासमा बोल्यो आऽ माऽ मा... ५० लाख ! मटयाङ्ग्रालाई ५० लाख त भनेको त ढुंगाको पहाडजस्तै हो । पाँच लाख देख्न मुस्किल पर्ने मटयाङ्ग्राले ५० लाख तिरेर अम्रिका जानेहरूको अनुहार कस्तो होला भन्दै भित्रभित्रै कल्पना गर्न थाल्यो ।

अम्रिकामा भुटानी शरणार्थी भएर जान देशको नागरिकता त्याग्ने त्यसमा पनि पचासौं लाख तिरेर ! मटयाङ्ग्राको मुटु हल्लन थाल्यो । नेपालको सीमानामा रहेका दक्षिणतिरका भूइँमान्छेहरूले हजार तिरेर नेपाली नागरिक बन्न खोजिरहेका छन् । तर, नेपाली नागरिक पचासौं लाख तिरेर अम्रिकने नागरिक बन्न खोजिरहेको छ । आखिर किन ?

धेरैलाई लाग्न सक्छ । मटयाङ्ग्रा आफ्नो स्वार्थ मिलेन त्यही भएर निन्द्रामा छटपटिएको छ । कुरो मिलेको भए आफैं जान्थ्यो । बढो राष्ट्रवादी बन्न खोज्दो रैछ । टन्न कमिसन खाएर अघाएको मान्छेले भ्रष्टाचारविरोधी कुरा गरेजस्तो । हुन पनि ठीकै हो । पछिल्लो समय अधिकांश मानिस 'मुखमा राम राम, बगलीमा छुरा' भनेजस्तै गर्दछन् । त्यही भएको छ ।

किन नेपाली नागरिकले पचासौं लाख तिरेर अम्रिका हान्निन खोजे । देश हाँक्नेहरूले सोधखोज गरेर नेपालमा नै बस्ने वातावरण तयार गर्नुपर्ने थियो । तर, देश हाँक्ने गृहमन्त्री, गृहसचिवलगायत संगठितरूपमा नै रकम हसुर्ने र नेपालीलाई भुटानी शरणार्थी बनाउने अभियानमा जुटे । यही हो मौका भन्दै मौकामा चौका हान्न थाले ।

पैसाका लागि जे गर्न पनि तयार हुने नेता प्रशासन नेपालले पाएको रहेछ । जसले मानिस बेच्ने काम मात्र गरेको छैन उसले एक देशको नागरिकलाई अर्को देशको नागरिक बनाइदिएर अर्कै देशमा पठाइदियो क्या गज्जब छ ।

मटयाङ्ग्राको दिमागले के सोच्यो कुन्नि ! यत्रा भ्रष्टहरू बसेको ठाउँमा जाबो दुई-चार दर्जन नेपालीलाई भुटानी बनाइदिँदैमा के बिग्रिएको थियो । केटाहरूले देशमा डलर रेमिटचान्स त भित्र्याएका थिए । हुन पनि ठीकै हो नागरिकलाई गैरनागरिक बनाएर अम्रिकामा उद्धार गर्नसक्ने महान नेता पाउने देश नेपालबाहेक अरु कहाँ नै पाइएला र ?

अरु देशका नागरिक देशको नागरिकता पाइएन भने चिन्ता व्यक्त गर्दछन् । तर, नेपालका नागरिक भने आफ्नो देशको नागरिकता त्याग्न पाइन भन्दै पैसा तिरेर विदेशी बन्न चाहन्छन् । यो भन्दा उत्कृष्ट नमूना के हुन्छ र ? बेकारमा नेताहरूलाई गाली गरेको छ ! कम्तीमा बालकृष्ण दाइले नेपालीलाई भुटानी बनाएर अम्रिका पठाइदिए यस्तो पो नेता हुनु भन्नु नि । दाइभाउजुको नि उद्धार उनका कार्जेकर्ताका पनि उद्धार ।

'तैं चुप मै चुप' हुनुपर्ने तिलजत्रो कुरालाई हिमालजत्रो ठूलो बनाएर हैरान । कस्ता हुन् हो यो नेपालीहरू । आफू पनि गरी नखाने अरुले गरिखाको पनि नदेख्ने ! नेपालीलाई भुटानी बनाएर अम्रिकामा पठाउनु सक्नु भनेको चानचुने कुरा हो र भन्या । यति महान् कार्य गर्ने नेताहरूको विरुद्ध बाइफाले गफ लेखेर, भटयाएर पनि हुन्छ ? मटयाङ्ग्राले आफैंले आफैंलाई सोध्यो ।

हुन त पृथ्वीनारायण शाहले भनेका थिए, 'घूस लिन्या र दिन्या दुवै राष्ट्रका शत्रु हुन्' । त्यसो भए लिनेलाई मात्र किन दिनेलाई पनि कारबाही हुन पर्‍यो । आफ्नो देशलाई नै त्याग्न सक्नेले पछि के-के त्याग्ला ? त्यही भएर पनि 'आए आँप गए झटारो' भनेर नागरिकता त्याग्नेलाई पनि कारबाही गर्नुपर्ने पो हो कि ? हुन त यसमा दोष नेपालीलाई शरणार्थी बनाएर अम्रिका पठाउनसक्ने नेताको नै छैन । यसमा दोष छ त्यो अम्रिकनको हो पो हो त ? अहिले आएर रकम फिर्ता गर्नु भनेर हुन्छ ?

खास कुरो त्यो अम्रिकने किन शरणार्थीको पछि लागिरहेको छ भन्ने कुराको पनि कुरा बुझ्नुपर्‍यो नि ? आनन्दले झुपडीमा बसेका शरणार्थीलाई आइजा मेरो लैजान्छु भनेर पो त यस्ता कुरा बाहिर आइरहेको छ । यो पनि उही तैं चुप मैं चुप भनेजस्तो भइगो नि । खास कुरा के हो भने, अम्रिकनेलाई चाहिएको जति कामदार हो कामदार यसैगरी पुगिहाल्छन् । अम्रिकनेलाई चिन्ताको विषय भुटानी शरणार्थीले किन नेपाल डलर पठाए भन्ने भएर पो यत्रो रणसंग्राम भाको त ?

नेपाली केटाहरू शरणार्थी भएर कामको पैसा धेरै भुटान नपठाएर नेपाल पठाएपछि पो यता रणसंग्राम परेको त ?

आफूचाहिँ भुटानी अनि पैसाचाहिँ नेपाल पठाएको चाँजोपाँचो पत्ता लागेपछि पो समस्या देखिएको छ । नत्र न दुई-चार थान नेपाली हामी नेपाली भनेर कुर्लिन्थे ती ? सेयरधनीलाई यसले अत्तोपत्तो केही पनि सरेको ।

भुटान जानुपर्ने डलर अमेरिकामा भटाभट छिर्न थालेपछि अम्रिकनेलाई शंकाले हान्यो । भुटानबाट आएको मान्छे डलर नेपालमा किन पठाइरहेको छ । अत्ति नै भएपछि अम्रिकनेलाई केही न केही गर्ने सोचेर शरणार्थीहरूको रकम कसरी बाहिर गइरहेको छ भन्ने कुराको अनुसन्धानपछि पो यस्ता कुराहरू आए त ? अम्रिकनेले जे गरिरहेको छ, त्यो सब ठीक गरेको छ ।

अमेरिकाबाट डलर नेपाल धेरै झर्न थालेपछि चै चुप हुनेहरूलाई बेलैमा तह लगाउने भन्दै ढाड सेक्ने निर्देशन दिएका कारण पो अहिले यो रडाको सुरु भएको हो त ? उताबाट डलर भुटान खुरुखुरु गएको भए रडाको मच्चिँदैनथ्यो होला ? तर, लहरो तान्दा पहरो झर्छ भनेजस्तै भएको अब सेता घरमा बस्ने पनि कतिञ्जेल पो तै चुप र मै चुप हुने हो र ? अम्रिकनेले हान्यो हान्यो !

# मधेस सरकारले पूर्णता नपाउँदा बजेट तयारी प्रभावित

**धनुषा-** मधेस प्रदेशमा सत्ता साझेदार दलबीच असन्तुष्टि बढेको छ । जसले गर्दा आगामी आर्थिक वर्षको बजेटका लागि गर्नुपर्ने तयारी प्रभावित बनेको छ ।

नेकपा एमाले सरकारबाट बाहिरिएपछि हाल चार मन्त्रालय रिक्त छन् । मुख्यमन्त्री सरोजकुमार यादवलाई ती मन्त्रालय नेपाली कांग्रेस, तराई मधेस लोकतान्त्रिक पार्टी र नेकपा एकीकृत समाजवादीलाई भाग लगाउन सकस भएको छ ।

गत वैशाख १० मा सम्पन्न उपनिर्वाचनपछि प्रदेश सरकारको नेतृत्वमा दाबी गर्ने दल पनि बढेकाले असन्तुष्टि बढेको हो । सत्ता साझेदार दल नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण यादवले मुख्यमन्त्री सरोजकुमार यादवले सत्ता साझेदारसँग सल्लाह नै नगरी आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम ल्याउन लागेपछि असन्तुष्टि बढेको बताए । सत्ता गठबन्धनको बैठक नै बस्न नसकेको उनको भनाइ छ ।

कांग्रेस र लोसपाले केन्द्रमा भएको गठबन्धनअनुसार प्रदेश सरकारमा आलोपालो नेतृत्वको दाबी गरिरहेका छन् । लोसपाका संसदीय दलका नेता अभिराम शर्माले केन्द्रमा भएको गठबन्धनअनुसार नयाँ ढंगबाट अघि अगाडि बढ्ने सहमतिअनुसार लोसपाको नेतृत्वमा मधेस प्रदेश सरकारको गर्ने बताए । मुख्यमन्त्री यादवले कांग्रेससहितका दललाई सरकारमा सामेल गराउन निरन्तर छलफलमा गरिरहेका छन् । तर, कांग्रेस र लोसपाले मुख्यमन्त्रीको दाबी गरेपछि सरकारले पूर्णता पाएको छैन ।

जसपाले भने कांग्रेसले मुख्यमन्त्री आफूलाई दिने भन्दै उपनिर्वाचनताका मौखिक सहमति गरेको दाबी गरिरहेको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवले भने, 'सत्तागठबन्धन दलबीच सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको छ । तर जसपाले पहिलो नेतृत्व कांग्रेस वा अन्य पार्टीलाई दिँदैन, अहिले जसपाले नै सरकारको नेतृत्व गर्छ ।'

लोसपाले पनि राष्ट्रपति, उपराष्ट्रपति चुनावदेखि बाराको उपचुनावसम्म आफूहरू सत्तागठबन्धनलाई सहयोग गरेको र त्यसैले सरकारको नेतृत्वको आफूहरू पाउनुपर्ने दाबी गर्दै आएको छ । सरकार निर्माणमा सत्ता साझेदार दलहरूबीच सहमति जुट्न नसक्दा आगामी असार १ मा ल्याउनुपर्ने बजेटका लागि तयारी प्रभावित बनेको छ । मधेस प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्सहित ११ वटा मन्त्रालय छन् ।

अहिले मुख्यमन्त्री यादवले भौतिक पूर्वाधार, गृह तथा सञ्चार मन्त्रालय, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय र कानुन तथा प्रदेश मामिला मन्त्रालय आफैंसँग राखेका छन् ।

त्यसैगरी प्रदेशको मन्त्रिपरिषद्को चैत ९ गतेको निर्णयले मन्त्रालयको नामसमेत हेरफेर गरिएको छ । मन्त्रालयको नाम हेरफेर गरे पनि सोअनुसार मन्त्रीको जिम्मेवारीसमेत तोकिएको छैन ।

चैत ९ को निर्णयले विभिन्न सातवटा मन्त्रालयको नाम र कार्यविभाजन परिवर्तन गरिएको छ । अहिले सामाजिक विकास मन्त्रालयलाई दुई भागमा टुक्र्याएर शिक्षा तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बनाइएको छ ।

त्यसैगरी श्रम तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, ऊर्जा तथा सिँचाइ तथा खानेपानी मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालयको छुट्टै नामकरण गरिएको छ ।

मन्त्रालयको मन्त्री र सचिवको जिम्मेवारी नतोकिँदा अर्थ मन्त्रालयले अझै पनि यी मन्त्रालयलाई बजेटको सिलिङ पठाउन सकेको छैन । प्रदेशका भौतिक पूर्वाधार मन्त्रालयका सचिव कृष्णकुमार मिश्रले मन्त्री नहुँदा योजना तथा कार्यक्रम छनोट गर्न समस्या हुने गरेको बताए । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०२/०२

यस कम्पनीको मिति २०७९/०८/१३ मा सम्पन्न बिशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **लासो क्याफे एण्ड फ्यामिली रेस्टुरेन्ट प्रा.लि. (प्रा.लि. नं. ३००३३७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फ्लेवर फिस्ट रेस्टुरेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/०२

यस कम्पनीको मिति २०७९/१२/१५ मा सम्पन्न एकल शेयरधनीको बिशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **साइनिङ्ग बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. २५६८६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रियल इनोभेटिभ कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/०२

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न बिशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **बिगटेक सिस्टम प्रा.लि. (प्रा.लि. नं. १०८६०३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एटकम टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७८/०१/१३ मा दर्ता भएको **यूनिक ओ.एस.एन. नेपाल मल्टिप्रपोजट ट्रेनिङ सेन्टर प्रा.लि. (दर्ता नं. २६३२३३)** को मिति २०८०/०२/०१ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-QURAYYAT MILES CAR RENTAL EST.

पूर्व स्वीकृति मिति २०७९/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 284630 | चलानी नं. ६०१९९९८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 11 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HAMOUD MOHAMAD MIYAH SOBAIEE AL ANZI GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 279874 | चलानी नं. ६०१९५४९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 7 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMA QARYATI TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 280110 | चलानी नं. ६०१९५५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HARAKA ETQAN FOR TRADE CO.

पूर्व स्वीकृति मिति २०८०/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 285486 | चलानी नं. ६०२००९४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My Coffee | 14 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MUSHEER TAILORING LLC

पूर्व स्वीकृति मिति : २०८०/०१/३१ | LT. No. 285976 | चलानी नं. ६०२०१३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 50 | 0 | 1300 | ४६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L. OIL & GAS DIVISION

पूर्व स्वीकृति मिति २०७९/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 274361 | चलानी नं. ६०१९०११०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 20 | 95 | ४०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Labors | 40 | 0 | 95 | ४०,६८० | | | | | | | |
| 3 | Security Guards | 22 | 0 | 125 | ५३,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।

नोट: यसै कम्पनीको लागि Men Commander/Female Commander Cleaners हरूको पनि माग भई आएकोले ईच्छुक व्यक्तिहरुले जान नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा तुरुन्त सम्पर्क गर्नुहोला । सम्पर्क नं: ९८२३७२६०९१

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : METRO SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

918/067/68

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINCERE SPIRIT SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 285974 | चलानी नं.६०२०१४२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 7 | 0 | 1500 | ४३९४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SINCERE SERENE SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 285973 | चलानी नं.६०२०१४२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ४३९४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SINCERE SPARKLES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 285972 | चलानी नं.६०२०१४२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ४३९४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम इजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIVERSAL GUARD SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No. 278869 | चलानी नं. ६०१९४५३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 25 | 0 | 1500 | ४४,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**

श्रम ईजाजत नं. १०१९/०६८/०६९

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALKOBRA CLEANING EST

पूर्व स्वीकृति मिति २०७९/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ | LT. No.268396 | चलानी नं.६०१८४११२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 50 | 0 | 100 | ३३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856


## लक्ष्मीधारा बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय: का.म.न.पा.-१४, कुलेश्वर
फोन नं.: ०१-५१६५२२१, ५१६५१८०

सदस्य सेवा केन्द्र: का.म.न.पा.-७, चुच्चेपाटी, चावहिल
फोन नं.: ०१-५२१०५०१, ५२१०५०२

### धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०२/०२**

यस **लक्ष्मीधारा बचत तथा ऋण सहकारी संस्था लि** बाट कर्जा लिई समयमा चुक्ता गर्नको लागि पटक पटक लिखित तथा मौखिक रुपमा जानकारी गर्नुका साथै मिति २०७९/१२/२७ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा तिर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाको सम्पर्कमा नआएकाले कर्जा सुरक्षण बापत संस्थाको नाममा लेखिदिएको निम्नानुसारको अचल सम्पति (जग्गा) डाक बढाबढबाट लिलाम बिक्री गरि संस्थाको तपसिलमा उल्लेखित कर्जा रकम (सावा, ब्याज र हर्जना) मा नघट्ने गरि लिलाम बढाबढ गरिने हुंदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ऋणीले संस्थाबाट कर्जा लिदा कर्जा सुरक्षण बापत संस्थामा धितो रहेको अचल सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिन इच्छुक महानुभावहरु बाट यो सूचना प्रकाशित भएको मितिले ३५ औ दिन भित्र संस्थाको प्रधान कार्यालय कुलेश्वर-१४ काठमाडौंमा कार्यालय समय भित्रमा आईपुग्ने गरि डाक बढाबढ फारम भरि सिल बन्दि गरि पेश गर्नुहुन सुचित गरिन्छ । उक्त डाक बढाबढब फारम मध्यबाट यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा (सो दिन बिदा परे लगत्तै कार्यालय खुलेको दिन) संस्थाको प्रधान कार्यालय कुलेश्वर-१४, काठमाडौंमा दिनको १ बजे लिलाम बढाबढ गरिने हुँदा बोलपत्र दाता स्वयम् वा निजको आधिकारिक प्रतिनिधि, तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सुचित गरिन्छ । डाक लिलाम फारम संस्थाको प्रधान कार्यालय कुलेश्वर-१४, काठमाडौंबाट रु १०० बुझाई खरिद गर्न सकिनेछ । डाक लिलाम सम्बन्धी अन्य सर्त तथा नियमहरु संस्थाबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ । परेका बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

| क्र.स | ऋणीको बिवरण | धितोको बिवरण | चुक्ता गर्नुपर्ने रकम |
|---|---|---|---|
| १. | नाम: केदारनाथ शर्मा<br>बाबुको नाम: रत्नाखर शर्मा<br>बाजेको नाम: रविलाल शर्मा<br>ठेगाना: उढरापुर-०२ बाके | भक्तपुर जिल्ला मध्यपुर ठिमी नपा वडा न १५ को कित्ता न ४७० को २७५.२० बा मि क्षेत्रफल भएको जग्गा | २०८०/०१/३१ सम्मको कुल रकम २,२६,९२,६०२.४ (दुई करोड छब्बीस लाख बयानब्बे हजार छ सय दुई रुपैया चालिस पैसा) |

**कार्यकारी प्रमुख**
**वकिल बहादुर शाही**

# प्रभाव दैनिक


रूपशाला

## सुनिलले ल्याए 'झुम्कावाली'

पछिल्लो समय अस्ट्रेलिया बस्दै आएका गायक सुनिल कटुवालले नयाँ गीत 'झुम्कावाली' सार्वजनिक गरेका छन् । गीतको भिडियोमा नृत्य समूह भीमफेदी गाईजको सामूहिक नृत्यसँगै मोडल आभा थापाको पनि अभिनय छ । गीतमा किरण के उप्रेतीको शब्द, पुष्कर सुनुवारको सङ्गीत संयोजन, पवन सुस्लिङको छायांकन तथा सम्पादन छ । भीमफेदी गाईजका निर्मलकुमार लामाको निर्देशन रहेको भिडियोमा अस्ट्रेलियाको छायांकन राजीव बस्नेतले गरेका हुन् । भिडियोमा भीमफेदी गाईजसँग सहकार्य गर्न पाउँदा खुसी लागेको गायक कटवालले बताए । उनले भने,'झुम्कावालीले दर्शक श्रोताको मन जित्नेमा विश्वस्त छु ।'




मंगलबार, २ जेठ २०८० (Tuesday, May 16, 2023)


# यस्तो छ 'नम्बरी सुन'को शीर्ष गीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भदौ १ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'नम्बरी सुन'को शीर्ष गीत सार्वजनिक गरिएको छ । काठमाडौँमा एक कार्यक्रमका बीच सार्वजनिक गीतमा राजेश पायल राई र शान्तिश्री परियारको स्वर छ ।

लोकशैलीको गीतमा सन्तोष श्रेष्ठको संगीत छ भने शब्द नारायण खातीले कोरेका हुन् । गीतकार खाती फिल्मका प्रस्तुतकर्ता हुन् । रामजी लामिछानेको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका अभिनेता गौरव पहारी र अभिनेत्री नम्रता श्रेष्ठसहित राजाराम पौडेल, बुद्धि तामाङ र विनोद न्यौपाने देखिएका छन् ।



फिल्ममा गौरव, नम्रता, राजाराम, बुद्धि र विनोदको अलवा राजेन्द्र खड्गी, सविन बास्तोला, गीता अधिकारी लगायतको अभिनय छ । प्रस्तुतकर्ता खातीकै कथा रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन् ।

सुवर्ण शिभान्स फिल्मस्को ब्यानरमा निर्माण भएको 'नम्बरी सुन' को निर्माताामा सरोज खाती, सविन खाती र मनोज रिजाल छन् । फिल्मले सुनको चारवटा पाटोलाई देखाउने निर्माता खातीले बताए ।

दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन र गौतम राज खड्काको सम्पादन रहेको फिल्मलाई काठमाडौं उपत्यकामा जिजिए ग्रूप र उपत्यकाबाहिर एफडी कम्पनीले वितरण गर्नेछ ।

# 'वेलकम टु हेम्जाकोट' २६ जेठमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'वेलकम टु हेम्जाकोट' जेठ २६ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण संस्था ग्लोजअपसिने प्रोडक्सनले फिल्मको एक पोष्टर सार्वजनिक गर्दै प्रदर्शन मिति बाहिर ल्याएको हो ।

यस अगाडि २०७९ को तिहारको छेकोमा प्रदर्शनमा ल्याउने तयारीमा रहेको यो फिल्म प्राविधिक कारण प्रदर्शन सरेको थियो ।

तेज प्रसाद दाहाल, जितेन्द्र गिरी, बाबुराम कार्की, सुमन खड्काको लगानीमा निर्माण भएको फिल्म सरोज पौडेलले लेखन तथा निर्देशन गरेका हुन् ।

फिल्ममा बुद्धी तामाङ, विनोद न्यौपाने, दिनेश खड्का, सन्दिप सिग्देल, अम्बिका तामाङ, सुजाइरा कार्की, विशाल पहारी, रवि गिरी, लक्ष्मीनाथ तिमल्सीना, रश्मी भट्ट, अस्मिता पन्त, शारदा गिरी, बलदिव राई, स्व.जयनन्द लामा लगायतका कलाकारको अभिनय छ ।

केही अगाडि काठमाडौंमा सम्पन्न चौथो नेपाल सांस्कृतिक अन्तर्राष्ट्रिय फिल्म फेस्टिबलमा उत्कृष्ट नेपाली फिल्मको अवार्ड जितेको फिल्मको आइटम डान्स 'मायाको रेडियो'लेदर्शकको मन जितिसकेको छ ।

पोखरामा रहेको पर्यटकिय स्थल हेम्जाकोटमा




खिचिएको फिल्मले स्थानिय स्तरको पर्यटन क्षेत्रमा पनि योगदान गर्ने निर्माण पक्षको विश्वास छ । मिलन श्रेष्ठको एक्सन, मित्र डि गुरुङको सम्पादनमा रहेको फिल्म दिर्घ गुरुङले छायांकन गरेका हुन् । फिल्म सुनिल मानन्धरले वितरण गर्दैछन् ।

# अनुप्रस्थले च्यारिटी कन्सर्ट गर्ने

**काठमाडौं (प्रस)–** चर्चित नेपाली ब्याण्ड अनुप्रस्थले आउँदो जेठ ६ गते शनिबार च्यारिटी कन्सर्ट गर्ने भएको छ । अनुप्रस्थ फाउन्डेसनले एक कार्यक्रम गर्दै 'म्युजिक टु हिल एन्ड हेल्प' नामक कार्यक्रमको जानकारी दिएको हो । भोकलिस्ट निरन शाहीले स्थापना गरेको अनुप्रस्थ फाउन्डेसन 'पैसा बिना कोही मर्नु हुँदैन भन्ने नारासहित गरिब तथा विपन्नको उपचारमा सहयोग पुर्याउने लक्ष्यका साथ सो कन्सर्ट आयोजना गर्न लागिएको हो । 'म्युजिक टु हिल एन्ड हेल्प' च्यारिटी कन्सर्ट 'काल्म' टङगालवुड, नक्सालमा हुँदैछ ।

च्यारिटी कन्सर्टमा नेपालका चर्चित कलाकार तथा ब्यान्डको सहभागिता रहनेछ । जसमा मुक्ति एन्ड द रिभाइभल, कबवेब, सविन राई एन्ड द फारोह, द एस्क ब्यान्ड, अनुप्रस्थ ब्यान्ड, द एलिमेन्टस्, इन्दिरा जोशी एन्ड ब्यान्ड, महेश



दोङग्, स्वप्निल शर्मा, मेलिना राई, क्याप्टेन विजय लामा, परिवर्तन ब्याण्ड र पहेँलो बत्ती मुनिको सहभागिता रहनेछ ।

न े प ा ल डाइरिजको व्ययवस्थापनमा रहेको यस कार्यक्रममा सम्पूर्ण कलाकारदेखि आयोजक बिना शुल्क क्यान्सर पीडितका उपचारका लागि सहयोग गर्ने भएका छन् । यस कार्यक्रम र डोनेसनबारे सम्पूर्ण जानकारी अनुप्रस्थ फाउन्डेसन तथा अनुप्रस्थ ब्यान्डको सामाजिक सञ्जालबाट प्राप्त गर्न सकिन्छ ।

# कलाकार किरण केसीको गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'राता मकै' को उपनामले परिचित हास्यकलाकार किरण केसीले अभिनय र चलचित्र निर्माणसँगै गायनमा पनि सक्रिय छन् । पछिल्लो समय साङ्गीतिक भिडिओमा मोडलको रूपमा प्रस्तुत भइरहेका केसीले एकसाथ तीन गीत तयार गरेका छन् ।

उनले नेपाल भाषाको 'छन्त खं सँ' र नेपाली भाषाको 'होला होला भन्दै'मा गायनसँगै अभिनय पनि गरेका छन् । यस्तै 'ए रात' बोलको गीतमा उनको अभिनय मात्र छ । नेपाल भाषाको गीत इन्टरनेटमा सार्वजनिक भए पनि बाँकी गीत क्रमशः सार्वजनिक गरिने उनले जानकारी दिए ।'गीतको अडियो तयार भएको लामो समयपछि भिडिओ बनेको हो । मैले सक्दो मेहनत गरेर गीत तयार गरेको छु', हास्यकलाकार केसीले भने । 'गायन मेरो प्राथमिकतामा पर्छ । मेरो रूचिलाई बुझेर मलाई धेरैले गीत उपहार दिनुभएको छ । त्यो मेरो लागि अमूल्य उपहार हो ।' उनले नेपाल भाषाको गीत गाउँदा केही कठिनाइ भए पनि मेहनतले सम्भव भएको प्रतिक्रिया दिए ।

हास्यकलाकार केसीले अभिनय यात्रा नै मह जोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको टेलिचलचित्रमार्फत सुरु गरेका थिए ।

'छन्त खं सँ' र 'होला होला भन्दै'मा शब्द र सङ्गीत मदनकृष्ण श्रेष्ठले दिएका छन् । 'किरणले अभिनय गर्ने, गाउने, लेख्ने लगायतका विविध विधामा आफूलाई अब्बल सावित गरिरहनु भएको छ । उहाँको सक्रियताले मलाई ऊर्जा प्राप्त हुन्छ', हास्यकलाकार श्रेष्ठले भने ।

कलाकार हरिवंश आचार्यले गीत हेरेपछि गायनमा रहर मात्र नभइ मेहनत नै देखिएको बताए । 'कुनै पनि विधा सजिलो हुँदैन । गायनमा झनै अभ्यास चाहिन्छ । किरणजीले आफूलाई यो लायक बनाउन निकै मेहनत गर्नुभएको छ । म उहाँसँग सुरुवाती समयदेखि नै सहकार्य गरिरहेको छु', हास्यकलाकार आचार्यले भने । हास्यकलाकार केसीका अनुसार दोस्रो गीत जेठ १५ र तेस्रो गीत असार १५ मा सार्वजनिक हुनेछ ।



# अन्तर्राष्ट्रिय तेक्वान्दो कोरियामा हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** इन्टरनेसनल ओपन फ्रेन्डसीप तेक्वान्दो च्याम्पियन्सीप (आईओएफटिसी) को १४ औं संस्करण दक्षिण कोरियाको सोलमा हुने भएको छ । कोरियन मार्सल आर्ट्स तेक्वान्दोको आयोजनामा सोलमा हुने सो प्रतियोगिता सन् २०२४ को अगस्ट महिनामा हुनेछ ।

गत मार्चमा आइओएफटिसीका संस्थापक तथा निर्देशक ग्रान्डमास्टर दिवाकर महर्जन तथा महासचिव केरेन ब्लाकलेजले दक्षिण कोरियाको सोल शहरलाई आयोजनाको जिम्मेवारीस्वरूप जिटु वर्ल्ड र्यांकिङ तेक्वान्दो च्याम्पियनसीपका स्वर्ण पदक विजेता राजु क्षेत्रीलाई आइओएफटिसीको झन्डा हस्तान्तरण गरेका थिए ।

एनआरएन दक्षिण कोरियका पूर्व अध्यक्षका साथै अन्तर्राष्ट्रिय खेलाडी तथा रेफ्री क्षेत्री सोलमा हुने १४ औं आइओएफटिसीमा संयोजकको भूमिकामा रहने छन् ।




आइओएफटिसीको प्रमुख कार्यालय अमेरिकाको पोर्टल्यान्डमा रहेको छ । संयोजक क्षेत्रीले १४ औं संस्करणको आयोजना गर्ने जिम्मेवारी सोललाई दिएकोमा आइओएफटिसीलाई धन्यवाद दिँदै खुशी पनि व्यक्त गरे ।

अमेरिकाको पोर्टल्यान्डस्थित आइओएफटिसीले प्रत्येक दुई वर्षमा इन्टरनेसनल ओपन फ्रेन्डसीप तेक्वान्दो च्याम्पियनसीपको आयोजना गर्दै आएको छ । आइओएफटिसीले पालैपालो एक संस्करण अमेरिका र अर्को संस्करण अमेरिका बाहिर गर्दै आएको छ ।

जसअनुसार आइओएफटिसीको आफ्नो प्रमुख कार्यालय रहेको पोर्टल्यान्डमा पाँच संस्करण, नेपालमा चार संस्करण, भारत, बेलायत र हङकङ र अमेरिकाकै मिचिगनमा एक-एक संस्करणको आयोजना भइसकेको छ ।

संयोजक क्षेत्रीले दुई वर्षअघि मिचिगनमा सफलतापूर्वक आइओएफटिसी सम्पन्न भइसकेको र अब दक्षिण कोरियाको सोलमा हुने १४ औं संस्करण अझ भव्य बनाउने लक्ष्य लिएको बताए ।

यस प्रतियोगितामा नेपाल, दक्षिण कोरिया, अमेरिका, फिलिपिन्स, अस्ट्रेलिया, अष्ट्रिया, क्यानाडा, पाकिस्तान, भारत, हङकङ, चिन, मेक्सिकोलगायतका राष्ट्रको सहभागिता रहनेछ । प्रतियोगितामा सात सयभन्दा बढी खेलाडीले भाग लिने आयोजकको अपेक्षा छ ।

इन्टरनेसनल ओपन फ्रेन्डसीप तेक्वान्दो च्याम्पियन्सीपमा सिनियर पुरुष र महिलाको समान आठ-आठ तौलसमूहमा प्रतिस्पर्धा हुनेछ । यसैगरी, जुनियरतर्फ महिला र पुरुष गरी दस-दस तौल समूह र क्याडेट वर्गमा दस-दस तौल समूहमा खेलाइनेछ । सिनियर, जुनियर र क्याडेट पुम्सेमा व्यक्तिगत, जोडी र टिम गरी तीन इभेन्टमा प्रतिस्पर्धा हुनेछ । यसबाहेक बोर्ड ब्रेकिङ इभेन्ट पनि सामेल छन् । प्रतियोगितामा कूल ६५ स्वर्ण पदक, ६५ रजत पदक र १३० काश्य पदकका लागि प्रतिस्पर्धा हुनेछ । यसबाहेक बोर्ड ब्रेकिङ इभेन्टमा पनि पदक दिइनेछ ।

# काभा महिला च्यालेन्ज कपको तयारी पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला भलिबल च्यालेन्ज कपको तयारी पूरा भएको छ ।

नेपाल भलिबल संघले सोमबार पत्रकार सम्मेलनबाट यही जेठ ८ देखि १४ गतेसम्म नेपालमा आयोजना हुने काभा महिला च्यालेन्ज कपको तयारी पूरा भएको जानकारी दिएको छ ।

संघका अध्यक्ष तथा प्रतियोगिताका संयोजक जितेन्द्रबहादुर चन्दले प्रतियोगितालाई सफल रूपमा आयोजना गर्न आफूहरू लागिपरेको बताए । यसअघि नेपालले २०१९ मा पुरुषतर्फ एभिसी सेन्ट्रल जोन भलिबल प्रतियोगिता आयोजना गरिसकेको छ । १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा महिला र पुरुष दुवैको प्रतियोगिताको व्यस्थापकीय पुरा गरेको थियो । यस पटक नेपाली महिलो भलिबल टोलीकी नियमित सदस्य प्रतिभा माली चोटका कारण टिममा छैनन् । उनी नहुँदा अन्य खेलाडीहरूले पनि राम्रो प्रदर्शन गर्नुपर्ने टोलीका प्रशिक्षक जगदीश भट्टले बताए ।

त्रिपुरेश्वरस्थित राखेपको कर्भड हलमा आयोजना हुने सो प्रतियोगितामा दक्षिण एसिया तथा सेन्ट्रल एसियाका ८ राष्ट्रको सहभागीता रहने छ । प्रतियोगितामा बंगलादेश, भारत, माल्दिभ्स, श्रीलंका, कजाकस्तान, कीर्गिस्तान, उज्वेकिस्तान र आयोजक नेपालको सहभागीता रहने छ । प्रतियोगिताको आयोजनाको खर्च अनुमानीत २ करोड ७१ लाख रहेको संघले बताएको छ । प्रतियोगिताका लागि विभिन्न सहयोगी संस्थाहरूले समेत सहयोग गर्न छन् ।

प्रतियोगिता आयोजनाका लागि केही समय अघि नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द र काभाका अध्यक्ष मोहमद लाथिफले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए । मुख्य प्रशिक्षक जान जोसे डी ब्रान्टको नेतृत्वमा नेपाली महिला टोलीको तयारी समेत अन्तिम चरणमा पुगेको कार्यक्रममा बताईयो ।

साइकल कार्यशाला

# साइकल कानुन बनाउन जोड

**काठमाडौं (प्रस)–** देशभरका प्रतिनिधि साइकल संस्था समूह तथा साइकलप्रेमीको सहभागितामा नेपालमा साइकल कानुन तथा अभियान विषयक दुईदिने आवाशीय कार्यशाला गोष्ठी धुलिखेलमा आइतबार सम्पन्न भएको छ । कार्यशालामा नेपालभरका साइकल संस्थाहरू, साइकल अभियानका अगुवा तथा नियमित साइकल प्रयोगकर्ता चार दर्जन बढी प्रतिनीधि तथा साइकलप्रेमीको सहभागीता रहेको थियो ।

विविध क्षेत्र, शंकाय, पेशा, तथा रुचिका प्रतिनिधि सहभागीहरूले साइकल समुदाय र साइकल अभियानका सवल, दुर्वल, अवसर, जोखिम आदि विविध समस्याहरूमाथि छलफल गरेका थिए । समस्याहरूमाथि गहन छलफलपश्चात समस्याको रणनीतिक समाधानार्थ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा अघि बढाउने प्रस्ताव सर्वसम्मत पारित गरिएको जनाइएको छ ।

कार्यशालामा विविध क्षेत्रबाट प्रतिनिधित्व गर्ने साइकल समुदायका सदस्य तथा इमान्दार अभियानकर्ताहरू सामाजिक, आर्थिक, सांस्कृति तथा राजनीतिक हरेक हिसाबले सवल, सचेत र अनवरत सामाजिक न्यायका लागि समर्पित समुदायका रूपमा स्थापित गराउन दूरदृष्टीसहित एकतावद्ध बनेर सिर्जनात्मक अभियानमा संलग्न रहने र साइकल समुदायलाई यसतर्फ अग्रसर गराउने प्रतिवद्धता सर्वसम्मत सहमतिमा घोषणा गरिएको थियो ।


**श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**बडिकेदार गाउँपालिका २, बट्टोमारे, डोटी**

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रभाव राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित**
**मिति : २०८०/०२/०२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० को स्वीकृत कार्ययोजना अनुसार डिभिजनवन कार्यालय डोटीको च.नं.७४१ मिति २०७९/११/२६ को सङ्कलन सहमति अनुसार सामुदायिक वनको भैसीघारीमा घाटगद्दी भएको गोलिया काठ यस समूहका उपभोक्ता सदस्यहरूमा खपत नभई छिमेकी समूहका पभोक्ताहरू तथा डोटी जिल्ला भित्रका व्यक्तिहरूलाई समेत आवश्यक भएका निवेदन पेस गर्न यस समूहबाट सूचना प्रकाशित गर्दा कोही कसैको निवेदन नपरेकोले घाटगद्दीमा मौज्दात रहेको तपसिलको ६० थान साल ६७१.९२ क्यु फिट तथा ६१ थान ८१०.३९ क्यु फिट काठ गोलिया जम्मा १२१ थानलाई शिलबन्दी बोलपत्रदारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रभाव दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सामुदायिक उपभोक्ता समितिको कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिनको ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समितिको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको सूचना यस सा.व.उ.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| प्रजाति | व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्न सहमति दियएको | | | | |
|---|---|---|---|---|---|
| | काठ | दाउरा | काठ (क्यु.फिट) | दाउरा (चट्टा) | घाटघद्दी स्थान |
| साल | ० | ० | लट नं.१ A ग्रेडको १४ थानको २५४.२६<br>लट नं.१ B ग्रेडको २१ थानको २३५.१८<br>लट नं.१ C ग्रेडको २५ थानको १८२.४८ | ० | बडिकेदार २, भैंसीघारी |
| | | | कुल जम्मा ६१ गोलिया थानको ८१०.३९ क्यु.फिट | | |
| साल | ० | ० | लट नं.२ A ग्रेडको २० थानको ४२६.३९<br>लट नं.२ B ग्रेडको १६ थानको १९०.६७<br>लट नं.२ C ग्रेडको २५ थानको १९३.३९ | | बडिकेदार २, भैंसीघारी |
| | | | कुल जम्मा ६१ गोलिया थानको ८१०.३९ क्यु.फिट | | बडिकेदार २, भैंसीघारी |

# फेउ थाईले गठबन्धन सरकारको नेतृत्व गर्ने दाबी

**बैंकक–** घोषित निर्वाचन परिणामले थाइल्याण्डको कडा चुनावी प्रतिस्पर्धापछि फेउ थाई पार्टीले प्रगतिशील मुभ फरवार्ड पार्टी (एमएफपी)सँग गठबन्धन बनाउने देखिएको थाई अधिकारीले जनाएका छन् ।

निर्वाचन आयोगबाट सोमबार सार्वजनिक तथ्यांकअनुसार करिब एक दशकसम्म सेनानिकट परम्परावादी दललाई भारी पराजयको भट्का दिँदै मुभ फरवार्ड पार्टी सबैभन्दा ठूलो दल बन्ने देखिएको छ ।

अलजजिराका अनुसार ९७ प्रतिशत मतदान केन्द्रको गणनासँगै प्रोग्रेसिभ मुभ फरवार्ड पार्टी (एमएफपी)ले लोकप्रिय मतमा एक करोड ३५ लाख, प्रतिद्वन्द्वी विपक्षी दल फेउ थाईले एक करोड तीन लाख र प्रधानमन्त्री प्रयुत चान-ओ-चाको युनाइटेड थाई नेसन पार्टीले ४५ लाख मत प्राप्त गरेका छन् ।

पछिल्लो मत परिणामअनुसार यसअघि थाइल्याण्डको संसद्मा विपक्षी दलको भूमिका निर्वाह गर्दै आएका फेउ थाई पार्टी र मुभ फरवार्ड पार्टीले निर्वाचन क्षेत्र र दलीय सूची दुवै दौडमा पालैपालो अग्रता लिइरहेका छन् । मतगणना जारी छ ।

बैंकक पोस्टका अनुसार फेउ थाईका प्रधानमन्त्रीका तीन दावेदारमध्ये एक स्रेथा थाभिसिनले अनौपचारिक नतिजाले फेउ थाई अझै पनि अग्रस्थानमा रहेको देखाएको बताएका छन् ।

सन् २०२० मा गठन भएको युवा नेतृत्वको प्रगतिशील पार्टी एमएफपीले ११५ निर्वाचन क्षेत्र जित्ने प्रवल सम्भावना देखिएको छ भने यसले राष्ट्रव्यापी मतदानका लागि दलद्वारा छुटचाइएको सिट संख्याको ३३ प्रतिशत हिस्सा ओगट्ने देखिएको छ ।

अर्बपति सिनावात्रा परिवारसँग जोडिएको विपक्षी दल फेउ थाईले ११२ निर्वाचन क्षेत्र र पार्टीको सूचीका २५ प्रतिशत सिट जित्ने अनुमान गरिएको छ । सन् २०१४ को 'कू' पछि पहिलो पटक सत्तामा आएका प्रधानमन्त्री प्रयुथ चान-ओचाको युनाइटेड थाई नेसन पार्टीले निर्वाचन क्षेत्रमध्ये २५ सिट र पार्टी सूचीको १० प्रतिशत सिट जित्ने अपेक्षा गरिएको छ ।

आइतबार सम्पन्न निर्वाचनबाट तल्लो सदनका ५०० सिटका लागि प्रतिस्पर्धा हुँदै छ, जसमध्ये ४०० प्रत्यक्ष निर्वाचित निर्वाचन क्षेत्र हुन् । बाँकी समानुपातिक प्रतिनिधित्व प्रणालीअनुसार बाँडफाँट गरिएको छ । फेउ थाई नेता पेटोंटार्न सिनावात्राले एमएफपीलाई चुनावी सफलताका लागि बधाई दिँदै सबैभन्दा बढी मत प्राप्त गर्ने पार्टीले अर्को सरकारको नेतृत्व गर्न पाउने बताएका छन् ।

'हामी मुभ फरवार्डसँग कुरा गर्न तयार छौं, तर हामी आधिकारिक नतिजाको पर्खाइमा छौं', उनले बैंककमा पत्रकारसँग भने, 'म उहाँहरूका लागि खुसी छु ।'

सन् २०२० मा युवाको नेतृत्वमा भएको जनलोकतन्त्र समर्थक प्रदर्शनपछिको यो पहिलो निर्वाचन हो भने सन् २०१४ मा भएको सैन्य 'कू'ले निर्वाचित सरकारलाई अपदस्थ गरेपछिको यो दोस्रो निर्वाचन हो । *रासस/एएनआई*

## बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्रीको २१ दिने सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति :२०८०/०२/०२**

यस सामुदायिक वनमा विद्युत प्रशारण लाईनको राईट अफ वे मा परि कटान मुछान भई घाटगद्धीमा रहेको खोटे सल्ला तथा उत्तिस जातको गोलिया थान १२५४को ६३०५.५४ क्यूफिट काठ समूह बाहिर बाहिर लिलाम विक्रि गर्नुपर्ने भएकाले हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग ले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१औ दिन भित्र बोलपत्र खरीद गरी २२ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टास गरेको ब्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ ।

**सचिव**
**श्री सिताकुण्ड सामुदायिक वन उपभोक्ता समूह**
**भिमेश्वर –५, दोलखा**


## सूचना ! सूचना !! सूचना !!!

यस **Winner HR Solution Pvt.ltd.** (ई.प.नं.१५३७/०७८/७९) प्रा.लि. मा कुनै पनि देशमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्दा राम्रोसँग बुझेर मात्र गर्नुहुन अनुरोध गरिन्छ । स्वास्थ्य जाँच गरिसकेपछि त्यसबापत भुक्तानी गरिएको शुल्क फिर्ता नहुने पनि यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**Winner HR Solution Pvt.Ltd**
श्रम ईजाजत नं. 1537/078/79
Chakrapath-3, Milijuli, Kathmandu, BAGMATI Tel Phone No.01-5911104
Email : winnerhrsolution2078@gmail.com


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०२/०२**

यस देउराली सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको बिभिन्न ग्रेडको गोलिया थान १८ को ३३०.५६ घ.फि., असना जातको बि ग्रेडको गोलिया थान ११ को ७५.५५ घ.फि., खयर जातको गोलिया थान २३५ को २२१.३८ घ.फि. गोलिया काठ तथा साल मिश्रीत ०.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री देउराली सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–३ धनौरा बर्दिया**

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Trans World Manpower Company Pvt. Ltd.** (ई.प.नं.३००/०५९/६०)मा कार्यरत **Rudra Hari Subedi (Citizenship No. 848)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np


## FREE VISA, FREE TICKET !!!!
## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **QIMAM NAJD COMPANY LIMITED ONE PERSON COMPANY.**

पूर्व स्वीकृति मिति : २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No.279296 चलानी नं. ६०१९४८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 31 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९-१३ गते (23-27 May. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALSALAMAH GROUP CO FOR GEN TRAD & CONT**

पूर्व स्वीकृति मिति: २०७९/०९/२६ LT. No. 279239 चलानी नं. ६०१९४८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 130 | ५५,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मोरङ, विराटनगर उप-महानगरपालिका, लन्डन होटलमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।**
**झापा, विर्तामोड नगरपालिका, अतिथि सदन रोडमा मिति: २०८० जेष्ठ १० गते (24th May. 2023) मा हुनेछ ।**
**धनुषा, धनुषाधाम नगरपालिका, शिभम ट्रेनिङ सेन्टर, जनकपुरमा मिति: २०८० जेष्ठ ११ गते (25th May. 2023) मा हुनेछ ।**
**काठमाडौं, सिनामंगल ९, तिलगंगामा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।**
**झापा, विर्तामोड नगरपालिका, CP Hotel मा मिति: २०८० जेष्ठ १४ गते (28th May. 2023) मा हुनेछ ।**

**सम्पर्क नंबरहरु:**
**(मोरङको लागि: ९८०१११६६७३/९८०१३२२६०९/९८१०२३२९६५) /जनकपुरको लागि: ९८०१६५६०५१, काठमाडौंको लागि: ०१-४४८५५३०**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**IMPERIAL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 816/065/066
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MABDE TRADING LLC.**

पूर्व स्वीकृति मिति २०८०/०१/३१ LT No.285963 चलानी नं:६०२०१४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 900 | ३२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 50 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 3 | Kitchen Helper | 20 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 4 | Porter | 30 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 5 | Cleaner | 0 | 50 | 900 | ३२,२०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## Malaysia/Croatia मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AMBIENCE DAYA JANA (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No. 267560 चलानी नं. ६०१८३५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 0 | 1500 | ४३,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० कामदार आफैले **सेवा शुल्क:** नि:शुल्क

कम्पनी : **SKILLED LADOR DOO**

पूर्व स्वीकृति मिति : २०७९/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT No : 264198 चलानी नं. ६०१८०४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Argiculture Workers | 10 | 0 | 500 | ६६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Workers | 20 | 10 | 550 | ७२,९९५ | | | | | | | |
| 3 | Electrician | 5 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 4 | Mason | 5 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 5 | Steel Fixer | 10 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 6 | House keeping | 10 | 10 | 550 | ७२,९९५ | | | | | | | |
| 7 | Butcher | 10 | 0 | 550 | ७२,९९५ | | | | | | | |
| 8 | Warehouse Worker | 20 | 10 | 550 | ७२,९९५ | | | | | | | |
| 9 | Cook | 10 | 5 | 650 | ८६ ,२७० | | | | | | | |
| 10 | Tile Masons | 5 | 0 | 700 | ९२,९०५ | | | | | | | |
| 11 | Painters | 10 | 0 | 650 | ८६,२७० | | | | | | | |
| 12 | Shuttering Carpenter | 10 | 0 | 700 | ९२,९९५ | | | | | | | |
| 13 | Sewing Worker | 5 | 5 | 550 | ७२,९९५ | | | | | | | |
| 14 | General Worker For Contruction | 10 | 0 | 550 | ७२,९९५ | | | | | | | |
| 15 | Welders | 5 | 0 | 800 | १,०६,१७० | | | | | | | |
| 16 | Waiters | 5 | 5 | 550 | ७२,९९५ | | | | | | | |
| 17 | Stone Mason | 5 | 0 | 700 | ९२,९९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० कामदार आफैले **सेवा शुल्क:** ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.M. Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३८५/०५९/०६०
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHAWARMA ALLULUHA RESTAURANTS**

पूर्व स्वीकृति मिति २०८०/०१/२९ LT. No. 285917 चलानी नं. ६०२०१३२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1800 | ६२,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ६ गते (20th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 285917 मिति: २०८०/०१/३० मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**HYHIRE INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १५०/०५६/५७
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **WASANIGA SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०७/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No. 274881 चलानी नं. ६०१९०५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TANZIFCO COMPANY WLL**

पूर्व स्वीकृति मिति २०७८/१२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No.259772 चलानी नं.६०१७६०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Cleaner | 1 | 0 | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **TANZIFCO**

पूर्व स्वीकृति मिति २०७९/०३/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No.266094 चलानी नं.६०१८१९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 5 | 0 | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **TANZIFCO COMPANY W.L.L.**

पूर्व स्वीकृति मिति २०७९/०५/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No.271975 चलानी नं.६०१८७७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 31 | 3 | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **RAWDAT AL AJUZ FARM**

पूर्व स्वीकृति मिति २०७९/०२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No.264811 चलानी नं.६०१८०८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 5 | 0 | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **LE MIRAGE CITY WALK**

पूर्व स्वीकृति मिति २०७९/०६/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०१ LT. No.272502 चलानी नं.६०१८८२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 2 | 2000 | ७२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** नि:शुल्क कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GOLDEN GULF HOLIDAY HOMES**

पुर्व स्वीकृति मिति २०७९/०३/१४ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/०१ LT. No. 265980 चलानी नं. ६०१८१९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 1500 | ५१,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 4 | 0 | 1000 | ३४,१२५ | | | | | | | |
| 3 | House Keeping Labor | 4 | 0 | 1000 | ३४,१२५ | | | | | | | |
| 4 | Reception | 0 | 1 | 1000 | ३४,१२५ | | | | | | | |
| 5 | Supervisor | 2 | 0 | 1500 | ५१,१८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ९ गते (23rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**
Govt. License 1211/073/074
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८४६३०, ४३८४०९४, ४३८५०३८
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १११००० | प्रति तोला - ११०४५० | प्रति तोला - १३७५ |

## ‘नीति कार्यक्रम र बजेट संरचनागत सुधारको दिशामा’

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट संरचनागत सुधार गर्ने दिशामा केन्द्रित हुने बताएका छन् । नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन नेपाल राष्ट्र बैंकद्वारा सोमबार आयोजित ‘अर्थतन्त्रको वर्तमान चुनौती तथा समाधानका भावी कार्यदिशा’ कार्यक्रममा उनले बढी प्रतिफल प्राप्त हुने आयोजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिने बताए ।

‘बजेटले अनावश्यक खर्च कटौती गर्ने, सरकारको खर्च क्षमतामा सुधार गरी पुँजीगत खर्च बढाउने, उत्पादन र रोजगारी सिर्जना गर्ने क्रियाकलापमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नेजस्ता कार्यमा विशेष जोड दिनेछ । यसबाट आर्थिक क्रियाकलापमा वृद्धि भई अर्थतन्त्र सबल बन्दै जानेछ’, उनले भने ।

अर्थतन्त्रका अन्य क्षेत्रका समस्या समाधान गर्दै दिगो आर्थिक विकास र समृद्धि हासिल गर्नेतर्फ सम्पूर्णको ध्यान केन्द्रित गर्न जरुरी रहेको जनाउँदै उनले हरेक क्षेत्रमा आमूल परिवर्तन र संरचनात्मक रूपान्तरणको आवश्यकता छ भने । ‘अल्पविकसित मुलुकबाट विकसित मुलुकमा स्तरोन्नति हुने, दिगो विकासका लक्ष्य पूरा गर्नेलगायतका विकास र समृद्धिको लक्ष्य हासिल गर्न राज्यका सबै अङ्ग, निजी क्षेत्र र सबै सरोकारवालाले समन्वयात्मक पहल गर्नुपर्दछ’, उनले भने ।

प्रधानमन्त्री दाहालले अर्थतन्त्रलाई संकटतर्फ जानबाट रोक्न सरकारले चालेका कदमका कारण अहिले शोधनान्तरमा उल्लेख्य सुधार आएको छ र विदेशी मुद्राको सञ्चिति पनि बढेको बताए । उनले तरलता र ब्याजदर लगायतका अन्य कतिपय परिसूचकमा समेत सुधार आएको जानकारी दिए । राजनीतिक क्षेत्रमा महत्वपूर्ण परिवर्तन हसिल गर्न सफल भए पनि जनताको आर्थिक-सामाजिकस्तरमा परिवर्तन हुन नसकेको उनको भनाइ थियो ।

‘यसबाट आमजनमानसमा एक प्रकारको निरासा र वितृष्णा पैदा भएको साँचो हो, जुन विभिन्न माध्यमबाट प्रकट भई आएको हामीले देखेका र महसुस गरेका छौं । हामीले व्यवस्था त बदल्यौं, अब हामी अवस्था बदल्नमा केन्द्रित हुनुपर्दछ । यसका लागि हामीले सबैजसो क्षेत्रमा फड्को मार्ने किसिमले, क्रम भङ्ग गर्ने किसिमले काम नगरी आमनागरिकको अवस्था परिवर्तन हुनेवाला छैन’, उनले भने ।

आफ्नो नेतृत्वमा सरकार बनेपछि सुरुदेखि नै अर्थतन्त्रमा देखापरेका चुनौती सामना गर्न केही महत्वपूर्ण कदम चालिएको दृष्टान्त दिँदै उनले सुशासन, समृद्धि तथा समाजिक न्याय लक्षित विभिन्न नीति र कार्यक्रम कार्यान्वयन गरिएको बताए । उनले भने, ‘सार्वजनिक सेवा प्रवाह हुने ठाउँमा लामो लाइन बस्नुपर्ने र विचौलियाबाट ठगिनुपर्ने अवस्थामा सुधार भएको छ । विद्यालयहरूमा समयमै पुस्तक पुगेको छ । किसानले बेलैमा मल पाउने गरी मलको आपूर्ति सुनिश्चित हुँदैछ ।’

अनियमितता र भ्रष्टाचार नियन्त्रण नभई सुशासन प्रवर्द्धन हुन नसक्ने जनाउँदै उनले सरकार भ्रष्टाचारविरुद्ध गम्भीररूपमा लागेको बताए । ‘यो कुरा पछिल्ला केही कारबाहीबाट प्रष्ट भएको छ । भ्रष्टाचारीलाई कारबाही गर्ने दिशामा सरकारले चालेको कदमप्रति आम जनताले विभिन्न माध्यमबाट समर्थन र ऐक्यवद्धता जनाउनुभएकामा म सरकारकोतर्फबाट सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु’, उनले भने ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले मुलुकको वर्तमान अर्थतन्त्रमा देखिएको समस्या आर्थिक नीति र मौद्रिक नीतिबाट खोजिनुपर्ने बताए । उनले भने, ‘आगामी आवको बजेट बन्दैछ, वित्तीय नीतिले गर्नुपर्ने काम पक्कै पनि गर्नेछ र त्यसपछि मौद्रिक नीति आउँदा त्यसबाट सम्बोधन गरिनुपर्नेछ ।’ अर्थतन्त्र अप्ठ्यारो परेको अवस्थामा स्थिर विनिमय दर पुनरावलोकन गर्न सान्दर्भिक नहुने बताए । उनले मौद्रिक नीतिबाट अर्थतन्त्रमा देखिएका समस्या समाधान खोजिनुपर्ने बताए ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आर्थिक परनिर्भतालाई अन्तरनिर्भरतामा बदल्न सक्नुपर्ने बताए । आन्तरिक उत्पादन कम हुने, बाह्य उत्पादनमा भर गर्नुपर्ने, राजस्व संकलन आयातमा निर्भर हुनुपर्ने अवस्थालाई बदल्न संरचनात्मक सुधार आवश्यक रहेको बताए ।

‘खासगरी कृषिमा धेरै कुरा जोड दिनुपर्छ, रणनीतिक हिसाबबाट लाग्नुपर्नेछ, धेरै समयसम्म राजनीतिक परिवर्तनमा लाग्नु परेका कारण हामी परेका हौं’, उनले भने, ‘अहिले हाम्रो अर्थतन्त्र विप्रेषणमा भर परेको छ, फलस्वरूप यस वर्षलाई बाह्य क्षेत्रमा सुविधाजनक रहे पनि वित्तीय क्षेत्रमा सफलनै रहे पनि भोलिका लागि चुनौती छन् ।’

## बिमा क्षेत्रको प्रभावकारी नियमन आवश्यक : अर्थमन्त्री महत

■ प्रभाव संवाददाता




**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले बिमा व्यवसाय क्षेत्रको प्रभावकारी नियमन आवश्यक रहेको बताएका छन् ।

नेपाल बिमा प्राधिकरणको ५५औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री डा महतले बिमा क्षेत्रको नियामकका रूपमा रहेको प्राधिकरणले आफ्नो व्यावसायिकता पूरा गरे-नगरेको बारे समीक्षा गर्नुपर्ने बताए ।

‘पुरातन शैलीले नभई अब नवीनतम प्रविधिको प्रयोगमार्फत स्वस्थ, प्रतिस्पर्धी र ग्राहकको सुरक्षालाई ध्यानमा राखी बिमा व्यवसाय चलाउन नियामकको भूमिका बलियो बनाउन आवश्यक छ’, उनले भने ।

बिमा व्यवसाय विस्तार गरेर लागत कम गर्नुपर्ने उनको भनाइ छ । बिमा कम्पनीको संख्या धेरै भएकाले यो व्यवसायलाई थप मजबुद र प्रतिस्पर्धी बनाउन मर्जरको नीति लिइनुपर्ने पनि मन्त्री महतले बताए । ‘यति धेरै बिमा कम्पनीलाई लाइसेन्स दिनु ठीक थिएन । बिमा पोलिसी दिँदा जे जस्ता सेवासुविधा दिने भनेर प्रतिबद्धता जनाएका छन्, त्यो कार्यान्वयन भए/नभएको बारे नियामकले नियमन गर्न आवश्यक छ’, उनले भने। सार्वजनिक संस्थानमा चरम राजनीतिक हस्तक्षेप हुँदा व्यावसायिकता खुम्चिँदै गएको अर्थमन्त्री डा महतको भनाइ छ । त्यस्तै, स्वास्थ्य बिमालगायत सामाजिक सुरक्षाको दायित्व बढेको उनले बताए ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बिमा र वित्तीय क्षेत्रको नियमनका लागि वित्तीय क्षेत्र विकास रणनीतिको प्रभावकारी कार्यान्वयनको आवश्यकता औँल्याए । प्राधिकरणले नियामकका रूपमा स्वतन्त्र ढङ्गले आफ्नो काम गर्नुपर्नेमा उनले जोड दिए ।

प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले पछिल्लो समय बिमा व्यवसायबारे नागरिकस्तरमा बुझाइ बढ्दै गएको बताए । यद्यपि तल्लो तहसम्म र सीमान्तकृत नागरिकलाई समेत समेट्ने गरी बिमा सेवा विस्तार हुन नसकेको उनले बताए । सरकारले बिमासम्बन्धी नीति परिवर्तन गर्नुपर्ने आवश्यकता उनले औँल्याए ।

## नेप्से परिसूचकमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक तीन दशमलव ३४ अंकले घटेर एक हजार आठ सय १८ दशमलव ३१ अंकमा कायम भएको हो । सोमबार दुई सय ६६ वटा कम्पनीको २३ लाख ४१ हजार दुई सय ४० कित्ता सेयर २० हजार एक सय ५८ पटक खरिद बिक्री हुँदा रू ७२ करोड ४९ लाख ६९ हजार नौ सय ८० बराबरको कारोबार भएको छ ।

विकास बैंक, वित्त, उत्पादन तथा प्रशोधन र लघुवित्त समूहको उपसूचक बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक समूह १० दशमलव ५५, वित्त समूह एक दशमलव ११, उत्पादन तथा प्रशोधन समूह २२ दशमलव ७० र लघुवित्त समूह १० दशमलव ८० अंकले बढेको छ ।

सबैभन्दा धेरै निर्जीवन बिमा समूहको उपसूचक ५१ दशमलव ७७ र होटल तथा पर्यटन समूहको उपसूचक १६ दशमलव ६४ अंकले घटेको छ । बैंकिङ समूह तीन दशमलव ७०, जलविद्युत् समूह पाँच दशमलव ३४, लगानी समूह शून्य दशमलव ०६, जीवन बिमा समूह आठ दशमलव ४७, म्युचुअल फन्ड शून्य दशमलव ०५, व्यापार समूह छ दशमलव ९४ र अन्य समूह सात दशमलव ४५ अंकले घटेको छ ।

नेपाल इन्भेस्टमेन्ट बैंक ग्रोथ फन्डको सेयर मूल्यमा आज सबैभन्दा धेरै नौ दशमलव ८८ प्रतिशतको वृद्धि देखिएको छ भने सबैभन्दा धेरै घट्नेमा सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडको सेयर मूल्यमा छ दशमलव ४५ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआइसी एसिया बैंक लिमिटेडको रू तीन करोड चार लाख ६७ हजार बराबरको सेयर खरिदबिक्री भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको एक लाख ३९ हजार छ सय ३० कित्ता सेयर किनबेच भएको छ ।

### कर्पोरेट

## कुमारी बैंक र क्वालिटी सोलुसनबीच सम्झौता



**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेड र क्वालिटी सोलुसन प्रा. लि. बीच कुमारी बैंकका ग्राहकहरूलाई क्वालिटी सोलुसन प्रा. लि. बाट १५ प्रतिशतसम्म छुट प्राप्त हुने सम्झौता भएको छ ।

अब कुमारी बैंक का मोबाईल बैंकिङ्ग प्रयोगकर्ता तथा डेबिट र क्रेडिट कार्ड वाहकहरूले क्वालिटी सोलुसन प्रा. लि. बाट विभिन्न क्षमताका उपकरणहरू खरिद गर्दा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । अहिले को वर्तमान परिपेक्षमा आफ्ना ग्राहकलाई यस्ता विद्युत्तिय उपकरणहरू खरिद गर्दा सहुलियत प्राप्त होस् भन्ने उद्देश्यले कुमारी बैंकले यो सम्झौता गरेको हो ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा, ४८ एक्सटेन्सन काउन्टर, २९६ ए.टि.एम. तथा ६२ शाखा रहित बैंकिङ्ग ईकाई सहितका सञ्जालहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

## एनओजी नारायणघाट दोस्रो च्याप्टर राइड सम्पन्न




**काठमाडौं (प्रस)–** टिभिएस मोटर कम्पनीको लागि नेपालको एकमात्र आधिकारिक वितरक जगदम्बा मोटर्सले नारायणघाटमा एनओजी (एन्टर्क ओनर्स ग्रूप) दोस्रो पटक राइड सम्पन्न गरेको छ ।

गत वैशाख ३० गते शनिबार आयोजना भएको यस राइड टिभिएसको नारायणघाट शोरूम (मालश्री मोटर्स नारायणघाट) बाट शुरु भएर जगतपुर, चितवन पुगेर समापन भएको थियो । उक्त राइडमा सहभागीहरू बीच विभिन्न गेमहरू पनि खेलाइएको थियो। साथै सहभागि सम्पूर्ण राइडरहरूलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनुको साथै एक अनुशासित राइडरलाई मेडल पनि प्रदान गरिएको थियो ।

करिब ४० जना राइडरहरू सहभागि भएको उक्त राइड सम्पूर्ण सुरक्षा सावधानीहरूका साथ नेपाल सरकारको अनुमति लिएर सञ्चालन गरिएको आयोजकले जनाएको छ । साथै उक्त राइडमा प्राबिधिक टिमले विभिन्न सडक सुरक्षाको बारेमा जानकारी प्रदान गर्नुको साथै राइडरले अपनाउनुपर्ने नियम र सुरक्षाको जानकारी पनि प्रदान गरिएको थियो ।

## अवैध फोन नियन्त्रण गर्न एमडिएमएस लागू

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल दूरसञ्चार प्राधिकरणले आजदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गरेको छ ।

लामो समयको तयारी पश्चात प्राधिकरणले आजदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि जडान गरेका हो । प्राधिकरणको उक्त निर्णयानुसार आजदेखि नेपालमा दर्ता नभएका मोबाइल फोन सञ्चालनमा आउदैन् । यस्तै वैदेशिक रोजगारीमा छ महिना काम गरेर फर्किएका नेपालीले मात्रै दुई मोबाइल फोन ल्याउन पाउनेछन् ।

भन्सार विभागले आइतबार एक सूचना जारी गर्दै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको छ महिना पूरा भएकाले मात्रै नि:शुल्क रूपमा दुई मोबाइल फोन ल्याउन पाउने व्यवस्था गरेको छ । विभागका अनुसार आजदेखि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपालीले एउटा चलाइरहेको र एउटा सिलप्याक वा दुवै चलाइरहेको मोबाइल ल्याउन पाउनेछन् ।

श्रम स्वीकृति लिई लगातार छ महिना काम गरी नेपाल फर्किंदा एक थान अतिरिक्त मोबाइल ल्याउँदा कुनै पनि भन्सार राजस्व बुझाउनुपर्दैन । उक्त फोन सञ्चालन गर्न भन्सार घोषणा गर्नुपर्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारद गौतमले जानकारी दिए ।

उनका अनुसार वैदेशिक रोजगारीबाट फर्किएको प्रमाणस्वरूप राहदानी देखाएपछि एक मिनेटमा नै काउन्टरमा रहेका भन्सारका कर्मचारीले प्रज्ञापनपत्र दिनेछन् । ‘एमडिएमएस आजदेखि लागू भएको छ, भिसा लागेको राहदानीका आधारमा हामीले दुई मोबाइल फोन दर्ता गर्छौं’, उनले भने ।

एमडिएमएस लागू भएसँगै अध्ययन तथा अन्य प्रयोजनका लागि विदेश गएका नेपालीले स्वदेश फर्कदा एउटा मात्रै मोबाइल फोन ल्याउन पाउनेछन् । तोकिएभन्दा बढी फोन ल्याए भन्सार शुल्क तिर्नुपर्नेछ । मोबाइलको मूल्यका आधारमा पाँच प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) को शुल्क भुक्तानी गर्नुपर्नेछ ।

कार्यालयले पछिल्लो समय छ काउन्टर थप गरेको छ । प्रमुख भन्सार अधिकृत गौतमका अनुसार यसअघि दैनिक तीन काउन्टर मात्रै सञ्चालन भएकामा हाल थपिएका छसहित दैनिक नौ काउन्टर सञ्चालन गरिएको हो । नौ काउन्टर थप हुँदा प्रज्ञापनपत्र लिन लामो लाइनमा बस्नु नपर्ने उनको भनाइ छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ